प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : १५० ।। २०८१ असार २६ गते बुधबार (10th Jul 2024 Wednesday) | Pratidin National Daily | मूल्य-रु.५/-

## माईखोलाको चपेटमा मानव बस्ती
# २५ परिवार विस्थापित, दुईसय घर डुबानमा



झापा(प्रस) । माईखोलामा आएको बाढीले झापा गाउँपालिकाका २५ परिवार विस्थापित भएका छन् । माईखोलाको बाढीले वडा नं. १ को मिलन बस्तीका जम्मा ८१ परिवारमध्ये २५ परिवार बिस्थापित भएका हुन् ।
मंगलवार दिउँसो ४ बजेदेखि साँझसम्म २० परिवारका पुरुष,महिला,बालबालिका र वृद्धवृद्धा गरि जम्मा ९२ जना विस्थापित भई वडा नं.१ को सितुमारी मनोज मित्तल प्रा.वि.मा राखिएको छ । बालबालिका २८ र जेष्ठ नागरिक २ गरी गरी ९२ जनाले सो विद्यालयमा आश्रय लिइरहेको वडा नं १ का वडा अध्यक्ष राजकुमार यादवले जानकारी दिएका छन् । वडा नं १ मा ८१ परिवार डुबानमा परेका छन् । त्यस्तै वडा नं २ मा करिव सय परिवार डुबानमा परेका थिए । सुगाबथान , सडकवारी , कुवाडीलगायतका बस्ती डुबानमा परेकोमा पानी घट्दै गएको जनाइएको छ । ती बस्तीमा घुँडा घुँडासम्म पानी जमेको थियो। त्यहाँका परिवार विस्थापित नभए पनि सहयोगका लागि सुरक्षाकर्मी तैनाथ गरिएको थियो। त्यस्तै रतुवा खोलामा आएको बाढीका कारण गौरादहका २५ घर डुबानमा परेका छन् ।
मंगलवार दिउँसो १.३० बजेको समयमा गौरादह नगरपालिका ६ स्थित रतुवा खोलामा पानीको बहाव बढेर टंगुवा टोलमा रहेको ताजपुरीया बस्तीमा पस्दा २५ घर डुबानमा परेका हुन् । घरमा पानी पसेर सामान्य क्षति पुऱ्याएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी टोली खटिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । मानिसहरु बिस्थापित हुने अवस्था तत्काल नरहेको र खोलामा पानीको बहाव घट्ने क्रममा रहेको प्रहरी निरीक्षक ढुण्डीराज गिरीले जानकारी दिए ।
त्यस्तै बिहानदेखि परेको अविल बर्षाका कारण मेची खोलामा आएको बाढीले कटान गर्दा हात्ती छेक्न लगाएको ३ वटा पिलरसहित फेन्सिङ तार बगाएको छ । मेचीनगर नगरपालिका १ र ४ को सिमाना प्रसाद गौडामा बाढीले कटान गर्दा पिलरसहित फेन्सिङ तारसमेत बगाउँदा अन्दाजी एक लाख बराबरको क्षति भएको प्रहरी निरीक्षक गिरीले जानकारी दिए ।
(झापामा बाढीले गरेको क्षतिको तस्वीर पृष्ठ ३ मा )

# बाल सञ्जालका ८ जनाले दिए राजीनामा

झापा(प्रस) ।झापा जिल्ला बाल सञ्जालका अध्यक्ष अभिषेक मिश्रले मनोमानी गरेको भन्दै संजालका तीन पदाधिकारीसहित ८ जनाले मंगलवार सामूहिक राजीनामा दिएका छन् ।

संजालका कार्यवाहक सचिव शीतल अधिकारी, सह-सचिव निरञ्जन मैनाली , कोषाध्यक्ष लक्ष्मी गिरी तथा सदस्यहरु मनिष बराल,भिमकुमारी बस्नेत,सौगात घिमिरे,किस्मिका पोखरेल र लेलिना गौतमले संस्थाको साधारण सदस्य नरहने गरी पदबाट सामूहिक राजीनामा दिएका हुन् ।
संस्थालाई चुस्त दुरुस्त बनाउँदै अगाडि बढाउने सामूहिक चाहनाविपरीत अध्यक्ष मिश्रले सामूहिक रूपबाट छलफल गरिने निर्णयको अभ्यासलाई लत्याएर मनोमानी ढङ्गबाट आफूखुशी निर्णय गरेको ,हालै सम्पन्न बासँग बालबालिका कार्यक्रममा बाल सञ्जाल कार्यसमितिलाई संलग्न नगराएको, कार्यसमितिबाट निर्णय नगरी बासँग बालबालिका कार्यक्रम सञ्चालनका लागि विभिन्न संस्थाहरूसँग आर्थिक तथा भौतिक सम्बन्धहरू स्थापित गर्दै मनोमालिन्य ढङ्गले आर्थिक प्रस्ताव गरेको आरोप लगाइएको छ । संस्था सञ्चालनको सामान्य नीति नियम पनि पालना नगरी कार्यसमितिको अधिकारको अपहेलना गरेको अध्यक्ष मिश्रको कार्यशैलीप्रति घोर आपत्ति व्यक्त गर्दै संस्थाभित्र हावी व्यक्तिवादी प्रवृत्तिबाट जन्मिएको असमान र अराजक व्यवहारप्रति असन्तुष्ट जनाउँदै राजीनामा दिएको राजीनामापत्रमा उल्लेख गरिएको छ ।


## श्री भेलागढी सामुदायिक वन उपभोक्ता समुह
हल्दीवारी-२, झापा
कोशी प्रदेश, नेपाल
मितिः २०८१ /०३/०५

## प्रेस विज्ञप्ति

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले बोल्न पाउने स्वतन्त्रता, लेख्न पाउने, प्रकाशन गर्न पाउने मौलिक अधिकार हुनेछ भनी निर्दिष्ट गरेको परिप्रेक्ष्यमा यस समितिका सचिव श्री खकेन राजवंशीले कोही कसैको नाम वतन नखोली लेखेको फेसबुक स्टाटसको विषयलाई लिएर मिति २०८१/०३/२४ गते दिउँसो १.४५ बजेको समयमा यस समूहका सचिव तथा बिक्री समितिका संयोजक श्री खकेन राजवंशीसहितको समिति कार्यालयमा बसी कार्यालयको कामकाज गरिराखेको अवस्थामा हल्दिबारी २ निवासी श्री टिकादेवी राउतको नेतृत्वमा निजको भाईहरु सन्तोष पौडेल र बालकुमार पौडेलसहितको टोली कार्यालयमा प्रवेश गरी कार्यालयको कम्प्यूटर, प्रिन्टर, सचिवको मोवाइलसहितको सामग्री तोडफोड गरि सचिव आफ्नै टेबलमा बसी काम गरिरहेको अवस्थामा कुटपिट गरि सामान्य घाईते समेत बनाएको घटनाप्रति यस समूहको गम्भीर ध्यानाकर्षण भएको छ। उक्त निन्दनीय घटनाप्रति घोर भर्त्सना व्यक्त गर्दै निजहरुलाई कानुनी कार्वाहीको लागि जाहेरी दर्ता गरी हाल हिरासतमै रहेको अवस्थामा कानुन अनुसारको कार्वाही गर्न सम्बन्धित निकायलाई जोडदार माग गर्दछौं।

श्री पुण्यप्रसाद लम्साल
अध्यक्ष





# मुआब्जापीडितलाई १५ दिनभित्र घर खाली गर्न आदेश

झापा(प्रस) ।घर टहराको उचित मूल्यांकनसहित मुआब्जा बुझिसकेर पनि घर भत्काउन खोज्ने मुआब्जापीडितहरुलाई भद्रपुर भन्सार कार्यालयले १५ दिनभित्र संरचना खाली गर्न सूचित गरेको छ ।

मुआब्जापीडितहरुले आफ्ना घर टहरा सम्झौता भएकै अबस्थामा छाडेर जानुपर्नेमा भित्रभित्रै भत्काउने कार्य गर्न थालेपछि भद्रपुर भन्सारले मध्य बर्षाकै बिचमा भएपनि असार २१ गतेबाट लागु हुनेगरी १५ दिनभित्रमा सम्पूर्ण संरचना छोडेर जान सूचना टाँस गरेको हो । २०७५ सालमा छोटी भन्सारबाट भद्रपुर भन्सार कार्यालयमा स्तरोन्नति भएको यस कार्यालयले आफ्नो कार्यालय अगाडि रहेको १० बिगाह जमिनसहित घर टहराको उचित मूल्यांकनसहित मुआब्जा वितरण अन्तिम चरणमा पुर्याएको छ । अब भद्रपुर भन्सारले ९ परिवारलाई २० करोड १३ लाख ८२ हजार ४०३ रुपैयाँ मुआब्जा दिन बाँकी रहेको भन्सार प्रमुख अमित तिवारीले बताए । उनले मुआब्जा दिइसकेपछि सो संरचना सरकारको भइसकेकाले खाली गराउने प्रक्रिया शुरु गरिएको जानकारी दिए ।

सरकारले गत जेठमा भद्रपुर भन्सार मुआब्जापीडितको लागि थप ३० करोड रकम पठाएको थियो । त्यसअघि २०८० जेठ १ गते पहिलो चरणमा १० करोड निकासा गरेको थियो । भद्रपुर-गलगलिया सीमा नाका जोड्ने मेची नदीमा पक्की पुल सञ्चालनमा आएपछि सरकारले २०७५ भदौ १ गते छोटीबाट स्तरोन्नति गर्दै भद्रपुर भन्सार कार्यालयलाई मूल भन्सार बनाएको थियो ।

पुरानै संरचनामा मूल भन्सार कार्यालयमा परिणत गरेपछि भन्सार विभागले भद्रपुर भन्सारको स्तरोन्नतिसँगै नयाँ भौतिक संरचना निर्माणका लागि बाटोको उत्तरपट्टी जमिन अधिग्रहण गरेको हो ।

# कांग्रेस महामन्त्री शर्मा मन्त्री नबने



• **विनोद सापकोटा**

झापा ।नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले नेकपा एमालेसंगको पछिल्लो समीकरणमा बन्न लागेको सरकारमा आफू मन्त्री नहुने बताएका छन् ।
कांग्रेस महामन्त्री शर्मा मन्त्री हुने विषयमा चर्चा चलिरहेका बेला उनले
❖ **बाँकी अन्तिम पृष्ठमा**






### माओवादीबीच कुटाकुट घटना
# कुटपिटमा संलग्न राउतमाथि कार्वाहीको माग



झापा(प्रस) । हल्दिवारी २ स्थित भेलागढी सामुदायिक वन उपभोक्ता समूहले कुटपिट र तोडफोडमा संलग्न माओवादी कार्यकर्ता टिकादेवी राउतलगायतमाथि कार्वाहीको माग गर्दै मंगलवार जाहेरी दर्ता गराएको छ । वन समूहका अध्यक्ष पुण्यप्रसाद लम्साललगायतले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराएका हुन् । केही दिन अगाडी सामाजिक संजालमा पोस्ट गरेको विषयलाई लिएर गत स्थानीय निर्वाचनमा माओवादी पार्टीका तर्फबाट हल्दिबारी गाउँपालिकाको उपाध्यक्ष पदकी उम्मेदवार टिकादेवी राउतलगायतले भेलागढी सामुदायिक वन उपभोक्ता समूहका सचिवसमेत रहेका माओवादीकै हल्दिबारी गाउँ कमिटी -२ का अध्यक्ष खकेन राजवंशीलाई गाली गलौज गरी सोमवार कुटपिट गरेका थिए ।

समूहका सचिव तथा बिक्री समितिका संयोजक खकेन राजवंशीसहित कार्यालयको कामकाज गरिराखेको अवस्थामा राउतको नेतृत्वमा उनका भाईहरु सन्तोष पौडेल र बालकुमार पौडेलसहितको टोली कार्यालयमा प्रवेश गरी कार्यालको कम्प्यूटर, प्रिन्टर, सचिवको मोवाइलसहितका सामग्री तोडफोड गरी सचिव आफ्नै टेबलमा बसी काम गरिरहेको अवस्थामा कुटपिट गरी घाइतेसमेत बनाएको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको अध्यक्ष लम्साललले प्रेस विज्ञप्ति जारी गरी जनाएका छन् ।

लम्साललले उक्त निन्दनीय घटनाप्रति घोर भर्त्सना गर्दै उनीहरुलाई कानुन अनुसारको कार्वाही गर्न सम्बन्धित निकायसंग जोडदार माग गरेका छन् । घटनापछि राउतका भाइहरु बालकुमार पौडेल र सन्तोष पौडेललाई प्रहरीले हिजै पक्राउ गरेको छ । सामाजिक संजालमा पोस्ट गरेको विषयलाई लिएर माओवादी कार्यकर्ता राजवंशी र राउतबीच कुटाकुट भएको हो ।आफूलाई इंगित गरी केही दिनदेखि सामाजिक संजालमा लेखेपछि सोही विषयमा विवाद परेको राउतले बताएकी छन् ।

### कांग्रेस ...

आफू मात्र होइन, अर्का महामन्त्री गगन थापा पनि मन्त्री हुने सम्भावना नरहेको बताए । 'गगनजीले पनि मन्त्री बन्ने विषयमा अनिच्छा देखाउनु भएको छ,' उनले भने ।

एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारमा महामन्त्री शर्मा मन्त्री बन्ने विषयमा आम नागरिकले जिज्ञासा राखिरहेका बेला उनले आफू मात्र नभएर अर्का महामन्त्री गगन थापा पनि मन्त्री नहुने स्पष्ट पारे । उनले झापाबाट प्रधानमन्त्रीसहित नेपाली कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला मन्त्री हुने विषयमा भने नेतृत्व तहमा कुरा भइरहेको खुलाए ।

उनले भने, 'एमाले पार्टी अध्यक्ष केपी कमरेडको नेतृत्वमा सरकारमा जान्छ । नेपाली कांग्रेस कृष्ण दाईको नेतृत्वमा सरकारमा जान सक्ने बलियो सम्भावना छ ।' 'यही मन्त्रालय भन्ने विषयमा तर्क नगरौ तर पार्टीभित्र कृष्ण दाईको नेतृत्वमा सरकारमा जाने संभावना बलियो छ' उनले अगाडि थपे । झापाको शिवसताक्षीस्थित नेपाली कांग्रेसका सभापति अशोक बस्नेतलगायत स्थानीय कार्यकर्तासंगको संक्षिप्त भेटमा महामन्त्री शर्माले भने 'प्रधानमन्त्री पुष्पकमल दाहालले असार २८ मा संसदमा विश्वासको मत फेस गरेपछि मन्त्रीको नामसहितको सूची सार्वजनिक हुन्छ । त्यो सूचीमा पूर्वमहामन्त्री कृष्ण सिटौलाको नाम पनि रहन्छ ।'

तर, कृष्णप्रसाद सिटौलाले मन्त्री बन्न आफ्नो रुचि नरहेको यसअघि नै बताएका छन् । पत्रकारसंग सोमवार राति बोल्दै सिटौलाले आफू सरकारमा नजाने तर सरकारलाई सक्दो सहयोग गर्ने बताएका थिए । सिटौला हाल राष्ट्रियसभामा कांग्रेस संसदीय दलका नेता हुन् ।


## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर,
जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत
कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना
३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा
नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश


## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको चल/ अचल सम्पत्ति लिलाम बिक्री गर्ने (सात) ०७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रथम् पटक प्रकाशित मिति २०८१/०१/१५
दोस्रो पटक प्रकाशित मिति २०८१/०२/१९
प्रकाशित मिति : २०८१/०३/२६

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ७ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **७ औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **८ औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथमूकदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिंदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

| क्र.सं. | ऋणी र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण | कर्जा शिर्षक | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| १ | **शखा कार्यालयः शिवगञ्ज**<br>**ऋणी/धितो जमानीकर्ताः** प्राइभेट फर्म राजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य बिभाग अर्न्तगत घरेलु तथा सना उद्योग कार्यालय, भद्रपुर झापामा मिति २०७२/११/०६ मा प्रा.फ.र.नं. ५७३/८५०५ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. १ स्थित श्री स्वर्ण लक्ष्मी ज्वेलर्सका तर्फबाट ऐ. फर्मका प्रोप्राईटर मानबिर लाम्गादेको नाती, बिर्ख बहादुर लाम्गादेको छोरा, नागरिकता बमोजिम झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल सोहि स्थानमा बस्ने, मिति २०६६/०४/०८ मा जिल्ला प्रशासन कार्यालय झापा बाट जारी गरिएको ना.प्र.नं. ०४१०३३/९४६ भएको वर्ष ३२ को **दिपेश लाम्गादे** । | **चालुपूँजी कर्जा, ब्यक्तिगत ओडी कर्जा**<br><br>**डिमान्ड कर्जा र व्यवसायिक आवधिक कर्जा** | दिपेश लाम्गादेको नाममा भुमिसूधार तथा मालपोत कार्यालय दमकमा दर्ता कायम रहेको झापा जिल्ला शिवगंज गा.वि.स. वडा नं. १ स्थित कि.नं. १२१५ को क्षेत्रफल ०-०-१०(९९८.९६ ब.फि. को घर समेत) साथै भुमिसूधार तथा मालपोत कार्यालय भद्रपूर, झापामा दर्ता कायम रहेको झापा जिल्ला सूरुङ्गा गा.वि.स. वार्ड नं. ४ स्थित कि.नं. ५८५६,५८५५ र ५८५७ को क्षेत्रफल क्रमशः ०-२-०, ०-१-०/०-४-१० (बि.क.धु) र भुमिसूधार तथा मालपोत कार्यालय भद्रपूर झापामै दर्ता कायम रहेको झापा जिल्ला पृथ्वीनगर गा.वि.स. वार्ड नं. ९ स्थित कि.नं. १२२ र १२६ को क्षेत्रफल क्रमशः १४७०.५५ र २३६५.५५ (ब.मि.) भएको जग्गा र सो उल्लेखित घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| | **व्यक्तिगत जमानतकर्ता** | | |
| | नाम : ममता विश्वकर्मा लाम्गादे<br>बाबु : टेक बहादुर विश्वकर्मा<br>पति : दिपेश लाम्गादे<br>ना.प्र.नं :- ०४-०२-७५-०१८५४(झापा)<br>ठेगानाः- झापा जिल्ला शिवसताक्षी न.पा.वडा नं ११ स्थायी ठेगाना भई हाल झापा जिल्ला शिवसताक्षी न.पा.वडा नं ६ बस्ने । | | |

**शर्तहरुः-**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पुर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग

## सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि
**मुल कार्यालय : बिर्तामोड - २ ,चारपाने (झापा)**

### इच्छा आह्वान

प्रथम पटक प्रकाशित मिति : २०८१/०३/२६

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको लागि बि.स. २०८१ सालमा प्राकृतिक प्रकोपको लागि यस संस्थाले आवश्यक सहयोग गर्न तपशिलका राहत सामग्री खरिद गर्नु पर्ने भएमा,सामग्री आपूर्ति गर्न सक्ने इच्छुक फर्म/कम्पनी/बिक्रेता/आपूर्तिकर्ता तथा उत्पादकहरुबाट ७ दिनभित्र कार्यालय समयमा इच्छापत्र आव्हान गरिन्छ ।

१. इच्छापत्र आव्हानमा दुई खण्डमा तपशिल अनुसारको सामानहरु माग गरिएको छ ।

**तपशिल :**

| खण्ड क | खाद्यान्न सामग्री | इकाइ | खण्ड ख | सरसफाई सामग्री | इकाई |
|---|---|---|---|---|---|
| १ | मन्सुली चामल (२५ के.जी.प्याकेट) | प्रति के.जी. | १ | साबुन(लुगाधुने) | प्रति गोटा |
| २ | मुसुरी दाल | प्रति के.जी. | २ | साबुन डिटोल(मिडियम) | प्रति गोटा |
| ३ | खाने तेल(तोरी) | प्रति लिटर | ३ | प्लास्टीक बाल्टी(मिडियम) | प्रति गोटा |
| ४ | चिनी | प्रति के.जी | ४ | झुल | प्रति गोटा |
| ५ | आयोडिन नून | प्रति के.जी | ५ | म्याट | प्रति गोटा |
| ६ | सोयाबिन | प्रति के.जी | | | |
| ७ | चिउरा | प्रति के.जी | | | |
| ८ | मुरै | प्रति के.जी | | | |
| ९ | पिउने पानी(मिनरल) | प्रति कार्टुन | | | |
| १० | चिया रंग | २५० ग्राम | | | |

**आवश्यक विवरणहरु :**

२. फर्मको लेटर प्याडमा इच्छापत्र प्रस्तुत गरिएको निवेदन लेख्नु पर्नेछ ।
३. इच्छुक आपूर्तिकर्ताहरुले इच्छापत्र पेश गर्नु परेमा यस संस्थाको कार्यालयमा सम्पर्क गरि निःशुल्क इच्छा फारम प्राप्त गरि उक्त इच्छा फारममा रहेको सामग्री विवरण अनुसार करसहित मूल्य उल्लेख गर्नु पर्नेछ ।
४. इच्छापत्र पेश गर्दा आफ्नो फर्म दर्ताको प्रमाणपत्र आ.व.२०७९/२०८० को कर चुक्ता प्रमाणपत्र,कार्य अनुभव पत्रको प्रतिलिपि तथा अन्य आवश्यक प्रमाणपत्रहरु सहित शिलबन्दी इच्छापत्र पेश गर्नु पर्नेछ ।
५. आपूर्तिकर्ताले सामग्री आपूर्ति गर्दा यस संस्थाको कार्यालयसम्मको ढुवानी,जडान खर्च वा अन्य कुनै शुल्क लागेमा स्वय आपूर्तिकर्ताले ब्यहोर्नु पर्नेछ ।
६. यस इच्छापत्र सम्बन्धी थप जानकारी चाहिएमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**सहारा नेपाल (साकोस) लि.**
**मुल कार्यालय,बिर्तामोड-२,चारपाने**
**फो.न. ०२३-५४११९८**






नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सत्तामोह

राजनीतिमा आपसी बिश्वास गुम्दै गएको परिस्थितिमा फेरि नेपाली कांग्रेस र नेकपा एमालेले मिलेर सरकार बनाउने प्रयास थालेका छन्। संबिधानमा भएका केही पेचिला पक्षहरुलाई संशोधन गर्ने भनी हुन लागेको प्रयासलाई एक हदसम्म सकारात्मक मान्नु पर्दछ। प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधि सभा र समानुपातिकबाट राष्ट्रिय सभा गठन गरिने प्रावधान राख्न खोज्नु राम्रै हो। तर समानुपातिकमा आफ्नै श्रीमती , श्रीमान, परिवारका अन्य सदस्यको खोजी हुने बिगतको अभ्यासले कतै प्रतिनिधिसभा श्रीमानहरुको र राष्ट्रिय सभा श्रीमतीहरुको हुने त होइन भन्ने शक्ता जन्मिसकेको छ।

संसद् सत्ताको खेलका निम्तिमात्र प्रयोग हुनु संसदीय लोकतन्त्रकै उपहास हो । दुर्भाग्य, नेपालका सांसदले आफू जनताका प्रतिनिधि भएको र जनताप्रति उत्तरदायी हुनुपर्छ भन्ने आत्मसात् गरेको देखिएन ।

प्रधानमन्त्री पुष्पकमल दाहालले यही २८ गते प्रतिनिधि सभाबाट विश्वासको मत लिने तय भइसकेको छ । सांसदहरू भने जनताले भोग्नुपरेका विपत्ति बिर्सेर दाहालको राजीनामाको बहसमा अल्झिन पुगेका छन् ।

नेकपा (एमाले)ले नेपाली कांग्रेससँग सत्ता साझेदारीको सहमति गर्नुभन्दा पहिले सरकारलाई दिएको समर्थन फिर्ता लिनुपर्थ्यो । तर, समर्थन फिर्ता नलिँदै एमाले नेताहरूले त प्रधानमन्त्रीको राजीनामा पो माग्न थाले ।

सर्वोच्च अदालतका न्यायाधीशले ‘राजीनामा दिनु उचित’ भन्दा पनि गृहमन्त्रीले पद छाडेनन् । यो विषय संसद्मा भने खासै उठाइएन । कारण, राजीनामा संवैधानिक बाध्यता नभएर नैतिकताको विषय हो ।

अहिले बाढी, पहिरो, डुबान र कटानबाट जनधनको ठूलो क्षति भएको छ । संसद्ले त त्यस विषयमा पो सरकारको ध्यानाकर्षण गर्नुपर्थ्यो । सरकार थप संवेदनशील भई पो हाल्थ्यो कि?

प्रधानमन्त्री दाहालले विश्वासको मत नलिई राजीनामा गर्नुपर्छ भन्नेहरूको ध्येय नैतिकता अभ्यासको परम्परा बसाउनु भने होइन । नैतिकताको आधारमा राजीनामा माग गर्नेहरूले विगतमा त्यस्तो अभ्यास गरेको देखिएको छैन ।

नयाँ सरकार गठन प्रक्रिया नेपालको संविधान, २०७२ को धारा ७६ को उपधारा (३) अनुसार सुरु हुने सन्देहले एमालेका नेताहरू तर्सेका त होइनन् ? कांग्रेसले स्पष्टीकरण दिइसकेकाले त्यो शंका त निवारण हुनुपर्ने हो ।

जेहोस्, यसले दुई दलबीच सत्ता साझेदारीको सहमति रणनीतिमात्रै हो भन्ने सनेदेह यसबाट पुष्टि भएको छ । दुवै पार्टीका नेताहरूबीच सत्ता साझेदारीको सहमति विश्वासमा नभएर बाध्यतामा सत्तामोहमा आधारित देखियो ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# नेपाली राजनीति लाजनीतिमा परिणत नहोस्



• तुलसीराम खरेल

बिक्रम सम्बत २०६२/०६३ मा तत्कालीन नेकपा माओवादी तथा संसदीय ब्यवस्थालाई स्विकार्दै २०४६ को जनआन्दोलनपश्चात् उदाएका बहुदलवादी दलहरुको संयुक्त आह्वानमा १९ दिने दोस्रो जनआन्दोलन सम्पन्न भयो। यसले नेपालमा राजा वीरेन्द्रको वंश बिनासपछि राजा ज्ञानेन्द्रले चालेको सकृय राजतन्त्रमात्र अन्त्य गरेन, बरु २२५ बर्ष पुरानो आधुनिक शाह वंशीय राजसंस्थाको अन्त्य गरेर गणतान्त्रिक प्रणालीको स्थापना भयो। अन्तरीम संबिधान हुँदै नेपालको संविधान २०७२ को घोषणा र कार्यान्वयन हुन थाल्यो। अब नेपाल संघीय गणतान्त्रिक नेपालमा परिणत भयो। संघ , प्रदेश र स्थानीय सरकार गरेर तीन प्रकारका सरकारहरु अस्तित्वमा आए। दह्रो , अधिकार सम्पन्न स्थानीय सरकारहरु गाउँमा पुग्दा विकास, अधिकार, कर्तब्य मात्र गाउँमा गएन, बरु सेवा पनि पुग्यो। अब जिल्ला धाईरहनुपर्ने बाध्यता जनतालाई परेन। तर आम जनआकांक्षा सम्बोधन हुन एकदमै ढिलाइ भयो।

निर्वाचन एकदम खर्चिलो बन्दै गयो। पार्टीहरु जनमुखीभन्दा बढी नेतामुखी बन्दै गए। आम जनतामा असुरक्षा, बेरोजगारी समस्या र गरिबीले आक्रान्त बनाउदै लग्यो। बिस्तारै दलहरुप्रतिको अविश्वास झाङ्गिदै गयो। निर्वाचन प्रणालीले कुनै दलले बहुमतको आधारमा सरकार बनाउन सक्ने अवस्था रहन पुगेन। निर्वाचन पछाडीका गठबन्धनहरु अबिश्वासको कारण पतन हुँदै गए। दलहरुबिचको अबिश्वास, बिभाजन र तिक्तता अझ झाँगिदै जान थाल्यो। निर्वाचन अगाडि गरिएका गठबन्धनले पनि टिकाउ सरकार दिन सकेन । मुख्य गरेर कम्युनिष्ट दलहरुको एकताको प्रयास गरियो। लामो समय नहुँदै आपसी कलहले टुक्रा-टुक्रामा बिभाजन हुने अवस्था देखा पर्यो। त्यतिमात्र होइन, उच्च पदीय जिम्मेवारीमा रहेका वा रहिसकेका नेताहरुका तल्लो दर्जाका लोलीबोली , गाली , गलौजको एउटा शृङ्खला नै सुरु भयो। आ-आफ्ना पक्षका मानिस भेला पारेर अर्को पक्षका नेतालाई अति नै तुक्ष शब्दमा गाली गलौज गर्न कोरोनाले पनि छेकेन। जनता कोरोनाले मर्न लाग्दा औषधिमा गरिएको भ्रष्टाचारको गन्ध सुँघ्दै छट्पटिनु पर्ने अवस्था बन्यो।

प्रदेशहरु कार्यकर्तालाई सभासद्को पद र मन्त्री पद बाँड्ने निकायजस्ता बन्न पुगे। थेग्नै नसकिने खर्च, बिलासिलो, उत्ताउलो रहनसहन अनि २/४ महिनामै प्रादेशिक सरकार बन्ने र ढल्ने खेलले झनै बितृष्णा बढ्न थाल्यो। संघीय र प्रादेशिक सरकारहरु अस्थिरताका मोडेल नै बन्न पुगे। नयाँ भनिएका र अलिअलि बिश्वास जित्न लागेका दलहरुको नेतृत्व समेत भ्रष्टाचारमा लिप्त बने। ‘काम भन्दा कुरा धेर’ भनाइ चरितार्थ हुँदै गयो। अन्तर्राष्ट्रिय ऋणले आकाश छोयो तर, भए गरेका राम्रा कामहरुको यथोचित प्रचार समेत हुन सकेन ।

आदि मौलिक सनातनी सभ्यता न त खोजी गरियो ,नत त्यसको विकासको लागि कुनै ठोस काम। जबर्जस्त लादिएको धर्म निरपेक्षताको नीतिले बहुसंख्यक ॐकार परिवारभित्रका मानिसहरुको मन दुखाउने काम मात्र भयो। अब बिस्तारै आम मानिसहरुको मन पुरानो समाज र पद्धति नै पो ठिक थियो कि ! भन्नेतिर मोडिन थाल्यो। लोकतन्त्र र गणतन्त्रले हाम्रालाई राम्रा, आफ्नालाई योग्य र वास्तविक योग्यलाई स्थान दिन नसकेका दृश्यहरुले युवाहरुलाई बिदेशी मोहमा फसाउन थाल्यो। अब कक्षा १२ पास गरेसी जसरी पनि बिदेश जाने र उतै बस्ने संस्कृतिकै विकास हुन थाल्यो। स्नातक र स्नातकोत्तर तहमा विद्यार्थीको चरम अभाव देखिन थाले। भएका विश्वविद्यालयहरु समेत दलीय खिचातानीका शिकार बन्न पुगे। पदाधिकारीहरुमा राजनैतिक भागबण्डाले प्राज्ञिक मर्यादाको एकपछि अर्को गर्दै हत्या हुन थाल्यो। गाउँ रित्तिन पुगे। “बुढाबुढी गाउँमा छोराछोरी बिदेशमा” नियति बन्न पुग्यो। रोजगारीबिहीन सडक सञ्जालले गाउँको मानिसलाई रोक्न सकेन। अहिलेको नेपाली समाजको यो तीतो यथार्थ हो। नेपालीको समृद्धि र उन्नतिसँग तत्काल जोड्न नसकिने ठूला योजनामा बिदेशी ऋणको ठूलो हिस्सा खर्च गर्न थलियो। भवन र बाटोमा अबैज्ञानिक अन्धाधुन्ध लगानी गरेर कङ्क्रिटे विकासले प्रश्रय पाउँदै गयो। भ्यू टावरहरु, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल , लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा आदिको पुष्ट्याइ गर्न सरकारलाई गाह्रो परिरहेको छ।

यस्तो परिस्थितिको बिचबाट जब माधव नेपाललाई प्रधानमन्त्रीको लागि छोड्ने बेला आउनै लाग्दा प्रचण्डले नेपाली कांग्रेस र नेकपा समाजवादीसँग मिलेर चुनाव लडेको बिर्सेर केपी ओलीसँग सहकार्य गरी सरकार बनाए। यसको एउटै धेय आफू प्रधानमन्त्रीको कुर्सीमा रहिरहने दाउ मात्र देखिन्थ्यो । राजनीतिमा आपसी बिश्वास गुम्दै गएको परिस्थितिमा फेरि नेपाली कांग्रेस र नेकपा एमाले मिलेर सरकार बनाउने प्रयास थाले। संबिधानमा भएका केही पेचिला पक्षहरुलाई संशोधन गर्ने भनी हुन लागेको प्रयासलाई एक हदसम्म सकारात्मक मान्नु पर्दछ। प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधि सभा र समानुपातिकबाट राष्ट्रिय सभा गठन गरिने प्रावधान राख्न खोज्नु राम्रै हो। तर समानुपातिकमा आफ्नै श्रीमती , श्रीमान, परिवारका अन्य सदस्यको खोजी हुने बिगतको अभ्यासले कतै प्रतिनिधिसभा श्रीमानहरुको र राष्ट्रिय सभा श्रीमतीहरुको हुने त होइन भन्ने शङ्का जन्मिसकेको छ। लोकतन्त्रको बिकल्प अधिनायकतन्त्र हुन सक्दैन। बिकृतिरहित उन्नत लोकतन्त्र नै प्रजातान्त्रिक समाजको चाहना हुने गर्दछ। देशको विकास गर्ने र समृद्धिको यात्रा सुरु गर्ने राजनैतिक दलहरुले नै हो। अब बन्ने सरकार राष्ट्रिय सरकार बनोस् , संबिधानको जनचाहना मुताविकको संशोधन हुन सकोस् । आ-आफ्ना भ्रष्टाचार छल्नको लागि कहिले यता र कहिले उता हुन मात्रै खोजेको हो भने यसमा जनताले कुनै हालतमा क्षमा दिने छैनन् । पहिले झण्डै दुईतिहाइको कम्युनिष्ट सरकार किन टिकेन? किन हदैसम्म तल गिरेर गाली गलोज गरियो अनि फेरि किन घाँटी जोडियो? किन प्रत्येक दलमा ऊर्जाशील युवाहरुको खोजी गरिन्न ? अहिले कांग्रेस एमालेको सरकार किन बन्दैछ? यो अवस्था किन आएको हो ? किन भ्रष्टाचार पटक-पटक लुकाइन्छ ? सत्तामा हुँदा र प्रतिपक्षमा हुँदा किन बोली अलग-अलग हुन्छ ? यस्ता उत्तर दिन नसके नेपाली समकालीन राजनीति लाजनीतिमा परिणत भएको ठहरिने छ। जन आन्दोलनको बेला जस्तो, संबिधान बन्ने बेलाको जस्तो, संविधान सभाको गठन गर्ने बेलाको जस्तो, भुकम्पको बेलाजस्तो, चुच्चे नक्सा पास गर्दाको समय जस्तो दलहरुबिच अभुतपूर्व राष्ट्रिय एकता र समझदारी कायम भइ संबिधानको संशोधन गर्दै प्रदेश अझ छरितो र स्थानीय सरकार मजबुत बनाइनु पर्दछ। सबैको सत् प्रयासले देशले अझ अघि बढ्ने मौका पाओस। शुभकामना !

# संविधान कार्यान्वयनमा समस्या



• कल्पना धमला

संविधान युद्ध र शान्तिको जगमा उभिएका सबै उत्पीडित वर्ग, जाति, क्षेत्र र समुदायको हक सुनिश्चित गरिएको सहमतिको दस्ताबेज हो । यसको लक्ष्य, उद्देश्य, मर्म र भावनाप्रति प्रतिबद्ध रही प्राप्त उपलब्धिको स्वामित्व ग्रहण गर्दै शान्ति र संविधानका पक्षधर दलबिच सहमति र सहकार्यको राजनीति फेरि एक पटक आवश्यक भएको छ ।

संघीय लोकतान्त्रिक शासनव्यवस्था बलियो बनाउँदै संविधानले निर्देश गरेका कार्यभार दिगो शान्ति, सुशासन विकास र समृद्धिको आकांक्षा पूरा गर्ने काम दलहरूको हो । लोकतन्त्र भनेको कानुनी कुरा मात्रै होइन; विचार, सिद्धान्त, व्यवहार, चरित्र र संस्कृति पनि हो ।

राजनीतिक व्यवस्था परिवर्तनपछि नागरिकले आफ्नो जीवन व्यवहारमा पनि परिवर्तन आएको अनुभूत गर्न सक्नु पर्थ्यो तर संविधान व्यवहारमा कार्यान्वयन हुन नसक्दा त्यसो हुन सकेन । संघीय लोकतान्त्रिक गणतन्त्रलाई बुझ्ने सवालमा दलहरूको बुझाइ र प्रयोग गराइमा एकरूपता छ या छैन ? प्रयोग गराइ सही छ या छैन ? सही भयो या भएन ? दलहरू लोकतान्त्रिक बन्न सकेका छन् कि छैनन् ? दलभित्र लोकतन्त्रको अवस्था कस्तो छ ? संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा दलहरूले अपनत्व स्वीकार कति गरेका छन् ? समस्या संविधानमा हो कि कार्यान्वयनमा ? यसको विवेचना जरुरी छ ।

**संविधान कार्यान्वयनको अवस्था**

संविधान निर्माणको नौ वर्षको यात्रातिर फर्केर हेर्दा महत्वपूर्ण उपलब्धि भएको सहजै देख्न सकिन्छ । नेपालको संविधानले राज्यको पुनर्संरचना गर्दै मुलुकलाई संघीय ढाँचामा लैजाने व्यवस्था गरेको थियो । निर्वाचनमार्फत तिनै तहका सरकार स्थापित र क्रियाशील छन् । संविधानले मौलिक हकको दायरालाई विस्तार गर्दै नागरिक र राजनीतिक अधिकार मात्रै होइन; आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार पनि प्रत्याभूत गरेको छ । संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्न मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्धन, राज्यको निर्देशक सिद्धान्तको अनुसरण तथा राज्यका नीतिको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुने छ भन्ने स्पष्ट व्यवस्था गरेको छ । संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयनको सम्बन्धमा गरेका काम र प्राप्त उपलब्धिसहितको वार्षिक प्रतिवेदन नेपाल सरकारले राष्ट्रपतिसमक्ष पेस गर्छ । राष्ट्रपतिले त्यो प्रतिवेदन प्रधानमन्त्रीमार्फत संघीय संसद्समक्ष र राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्वको प्रगतिशील कार्यान्वयन भए/नभएको अनुगमन र मूल्याङ्कन गर्न संघीय संसद्मा कानुनबमोजिम एक समिति रहने व्यवस्थासमेत संविधानले गरेको छ ।

संविधानमा नै मौलिक हक कार्यान्वयनका लागि आवश्यक पर्ने कानुनी प्रबन्ध संविधान जारी भएको तीन वर्षभित्र गरिसक्नुपर्ने व्यवस्था अनुरूप निर्धारित समयमै शिक्षा र स्वास्थ्य, आवास, खाद्य, सामाजिक न्यायलगायतका हक र बालबालिका, ज्येष्ठ नागरिकलगायतसँग सम्बन्धित अधिकार कार्यान्वयनका लागि १६ वटा कानुन बनेका छन् । संविधानसँग बाझिने कैयौँ कानुन संशोधन गरिएका छन् । संविधान कार्यान्वयनका लागि आवश्यक पर्ने दर्जनौँ नयाँ कानुन निर्माण गरिएको छ । राज्यको निर्देशक सिद्धान्त र नीति कार्यान्वयनमा के कति प्रगति भयो भन्ने सम्बन्धमा नियमित रूपमा संसद्मा प्रतिवेदन प्रस्तुत भइरहेको छ । संसद्को सरोकारवाला समितिले यसको अनुगमन गर्दै सरकारलाई आवश्यक निर्देशन दिने कामसमेत भइरहेको छ ।

संविधानको प्रस्तावनामा नै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबिचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्ने उल्लेख छ । यसै गरी वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुत अन्त्य गर्ने, आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने र समतामूलक समाज निर्माण गर्ने सङ्कल्प पनि गरिएको छ । संवैधानिक व्यवस्था अनुसार यतिबेला संघीय संसद् तथा प्रदेश सभामा एकतिहाइ र स्थानीय तहमा ४० प्रतिशत महिला सहभागी छन् । निर्वाचित निकायमा मात्रै होइन; सार्वजनिक प्रशासन, सुरक्षा निकाय र शिक्षा क्षेत्रमा समेत महिला सहभागिता उल्लेख्य बढेको छ । दलित र अन्य अल्पसंख्यक समूहको सहभागिता पनि उल्लेख्य वृद्धि भएको छ । भेदभावविरुद्धका कानुनलाई थप कठोर बनाइएको छ । यति हुँदाहुँदै पनि दलहरूले इमानदार भएर संविधानको पूर्ण कार्यान्वयन गर्न नसक्दा नागरिकले व्यवस्था बदलिए पनि अवस्था बदलिएको अनुभूति गर्न पाएनन् । राज्य सञ्चालनबारे थुप्रै प्रश्न छन् र पनि नागरिक संविधान कार्यान्वयन र राजनीतिक स्थायित्वको पक्षमा चिन्तित र इमानदार छन् ।

**लोकतन्त्रलाई बुझ्ने दलीय दृष्टिकोण**

लोकतान्त्रिक व्यवस्थालाई बलियो बनाउने जिम्मेवारी राजनीतिक दलहरूको हो । लोकतन्त्रको सुदृढीकरणको कुरा गरिरहँदा यसको मुख्य आधार हो दलभित्रको आन्तरिक लोकतन्त्र । दलहरूले पार्टी सञ्चालन कसरी र कुन पद्धतिबाट गरिरहेका छन् भन्ने विषयले लोकतन्त्रलाई कसरी बुझेर प्रयोग गरिरहेका छन् भन्ने कुरा प्रस्ट हुन्छ । राजनीतिक व्यवस्था परिवर्तनपछि पनि राज्य र पार्टी सञ्चालनमा नयाँपन नआउनु दलहरू लोकतान्त्रिक हुन नसक्नुको परिणाम हो ।

नेपाली कांग्रेस, नेकपा (एमाले), मधेशवादी दल र सस्तो लोकप्रियताको जगमा उम्रेका नयाँ दलले समानुपातिक, समावेशी, सहभागितामूलक लोकतन्त्रको कुरा गरेका छन् । नेकपा (माओवादी केन्द्र) लगायत ससाना टुक्रामा विभाजित केही कम्युनिस्ट दलले समानुपातिक समावेशिता मात्रै होइन; उत्पीडित वर्ग, जाति, क्षेत्र र समुदायलाई पार्टी र सत्ता दुवै ठाउँमा विशेषाधिकारसहितको समावेशी लोकतन्त्रको कुरा गरेका छन् । सिद्धान्तमा जेसुकै लेखिएको भए पनि दलहरूको नेतृत्व प्रणाली र सङ्गठनात्मक संरचनामा निकै भिन्नता छ ।

आफूलाई वैकल्पिक शक्ति ठान्ने दलले समेत सङ्गठन र नेतृत्वको विषयमा नयाँ, प्रभावकारी र अरू दलले प्रयोग गरिरहेभन्दा फरक मोडेल प्रस्तुत गर्न सकेका छैनन् । दलहरूका लागि विचार र व्यवहारको सन्तुलन मिलाउने कसीका रूपमा लिइन्छ महाधिवेशनलाई । दलको सिद्धान्त, कार्यदिशा, नेतृत्व र सङ्गठनात्मक संरचना (प्रणाली) को छिनोफानो महाधिवेशनले नै गर्छ । यो प्रक्रियालाई समेत नियमित गर्न दलहरू चुकिरहेका छन् । पार्टी विधानले निर्देशित गरेको समय गुजारेर गुट, उपगुट, महागुटको जालझेलबाटै कर्मकाण्डीय महाधिवेशन हुने गरेका थुप्रै उदाहरण छन् । यस्ता अलोकतान्त्रिक गतिविधिले दलभित्र आन्तरिक लोकतन्त्र कमजोर हुन पुगिरहेको छ ।

नेताहरूमा विकास भएको शासकीय मनोवृत्ति पार्टीको आन्तरिक लोकतन्त्रका लागि चुनौती बनेको छ । दलका निश्चित तहका नेतामा अधिनायकवादी प्रवृत्ति हाबी हुँदै गएको देखिन्छ । पार्टीभित्र मौलाइरहेको यस्तो प्रवृत्तिले पार्टीको आन्तरिक लोकतन्त्र मात्र होइन, सिङ्गो देशकै लोकतान्त्रिक शासन पद्धतिका लागि नै घातक हुने देखिन्छ ।

पार्टीहरूले सैद्धान्तिक रूपमा समानुपातिक समावेशी सिद्धान्तलाई स्वीकार गरे पनि सबै जसो दलले लक्षित समुदायलाई भन्दा पनि नेताका स्वार्थ अनुकूलका व्यक्तिलाई अवसर दिने प्रवृत्तिले पार्टीमा प्रतिबद्ध भएर त्याग, समर्पण गरेका इमानदार नेता कार्यकर्तालाई निराश बनाएको छ । निर्णय लिँदा दलको गतिविधि सङ्गठनात्मक पद्धति र नेता कार्यकर्ताको मूल्याङ्कन सबै भुलेर स्वार्थ अनुकूलका व्यक्तिलाई प्राथमिकता दिनु लोकतन्त्रविरोधी कार्य हो । यसले पार्टीको आन्तरिक लोकतन्त्रलाई थप कमजोर बनाउँछ ।

राजनीतिक समीकरण मिलाउने नाममा गैरराजनीतिक व्यक्तिलाई पार्टीको महत्वपूर्ण भूमिका दिने प्रवृत्ति दलभित्रको लोकतन्त्रविपरीतको कार्य हो । यस्ता कार्यले लोकतान्त्रिक पद्धति कमजोर भएको छ र इमानदार नेता कार्यकर्तालाई निराश बनाएको छ । मूलतः सत्ता र शक्तिका लागि हुने चलखेल, आर्थिक लेनदेनका कारण पार्टी हार्ने तर नेता नहार्ने संस्कृति मौलाएको छ जुन लोकतान्त्रिक मान्यताविपरीत छ ।

समयसापेक्ष सङ्गठनात्मक संरचना र नेतृत्व प्रणालीको विकास गर्न नसक्नु आन्तरिक लोकतन्त्र कमजोर हुनुको अर्को कारण हो । नेपालका दलहरूले आफूलाई लोकतन्त्रका पहरेदार ठाने पनि सामाजिक न्यायमा आधारित लोकतान्त्रिक दल निर्माणमा चुकेका छन् । त्यसको परिणामस्वरूप अधिनायकवादी र निरङ्कुश कार्यशैली दलदेखि सत्तासम्म हाबी हुनुको कारण दलहरू तथा लोकतान्त्रिक प्रणालीमाथि नै अविश्वास देखा पर्न गएको छ ।

समस्या संविधान हो या कार्यान्वयनमा ? कुनै पनि लोकतान्त्रिक प्रणाली आफैँमा साध्य होइन, हुँदैन, यो त जनताका आकांक्षा राज्यसत्तामार्फत पूरा गर्ने साधन हो । हाम्रो जस्तो आर्थिक धरातल कमजोर भएको अल्पविकसित देशमा उच्चतम विकास भएका ठुला ठुला देशका कुरा गर्दै पार्टी निर्माण भएका छन् । संविधानमा पनि उच्चतम हक, अधिकारका धारा उल्लेख गर्दै जनतालाई नै सार्वभौमसत्ता सम्पन्न बनाउने परिकल्पना गरेको छ । लोकतान्त्रिक प्रणालीका माध्यमबाट संविधानमा उल्लिखित हकको उपभोग, समृद्धि र सुखका जनताका चाहना पूरा गर्न दलहरू केन्द्रित हुनुको सट्टा सत्ता स्वार्थमा केन्द्रित हुँदै जाँदा जनता र शासनव्यवस्थाबिचको दुरी बढ्न थालेको आभास हुँदै छ । लोकतन्त्रको सबैभन्दा ठुलो र महत्वपूर्ण कवच जनताको स्वैच्छिक समर्थन हो ।

सरकारले जनअपेक्षा अनुरूप काम गर्न सकेमा मात्र संविधान, पार्टी र समग्रमा लोकतान्त्रिक प्रणालीप्रति जनताको अपनत्व विस्तार हुन्छ र लोकतन्त्र सुरक्षित हुन्छ । पछिल्लो समय राजनीति नीति, विधि, मूल्य मान्यतामा चुक्दै गएको र संविधानले परिकल्पना गरेभन्दा भिन्न विकृति झाँगिँदै जाँदा संविधानविपरीत जनमत बनाउनेको मनोबल उच्च हुने छ । संविधान कार्यान्वयन गर्ने पात्रमा देखा परेको अत्यधिक सत्तामोह लोकतान्त्रिक नीति, विधि, मूल्य र मान्यताविपरीतको विकृत अभ्यास र कार्यशैलीका कारण देखिएको हो । संविधान प्रगतिशील छ, राम्रो छ, देश र जनताको पक्षमा लेखिएको छ । संविधान राम्रो भएर मात्र पुग्दैन, मुख्य पक्ष हो प्रभावकारी कार्यान्वयन । कार्यान्वयनका लागि राजनीतिक नेतृत्वको भूमिका प्रमुख जिम्मेवार हुन्छ ।

**निष्कर्ष**

राजनीतिक दल नै लोकतान्त्रिक प्रणालीका मेरुदण्ड हुन् । दलले लिने नीति, सिद्धान्त, सङ्गठनात्मक संरचना, पार्टी सञ्चालनको पद्धति, संस्कार, संस्कृति कस्तो अँगालेका छन् भन्ने विषयले दलहरू कति लोकतान्त्रिक छन् भन्ने मापन हुन्छ । उनीहरूले राज्य सञ्चालन लोकतान्त्रिक विधि पद्धतिबाट गर्न सक्छन् या सक्दैनन् ? गर्छन् या गर्दैनन् ? भन्ने विषयले निर्धारण गर्छ । दलहरू लोकतान्त्रिक नभई लोकतान्त्रिक पद्धति र प्रणालीको विकास गर्न सकिँदैन । लोकतान्त्रिक पद्धति र प्रणालीको व्यवहारतः प्रयोग नगरी राज्य लोकतान्त्रिक ढङ्गले सञ्चालन गर्न सम्भव हुँदैन । पार्टीभित्रको आन्तरिक लोकतन्त्रलाई सुदृढ गर्दै संविधानको प्रभावकारी कार्यान्वयनमा सबै दल एकजुट हुनु पर्छ । संविधान युद्ध र शान्तिको जगमा उभिएका सबै उत्पीडित वर्ग, जाति, क्षेत्र, र समुदायको हक सुनिश्चित गरिएको सहमतिको दस्ताबेज हो । यसको लक्ष्य, उद्देश्य, मर्म र भावनाप्रति प्रतिबद्ध रही प्राप्त उपलब्धिको स्वामित्व ग्रहण गर्दै बाँकी कामका सन्दर्भमा फेरि एक पटक इमानदार भएर शान्ति र संविधानका पक्षधर दलबिच सहमति र सहकार्यबाट राजनीतिक स्थायित्व कायम गर्दै प्रभावकारी कार्यान्वयनमा निष्ठावान् भएर लाग्नु आवश्यक छ । समस्या संविधानमा होइन, कार्यान्वयनमा हो ।

# कोशीमा बाढी पहिरोका कारण २६ जनाको ज्यान गयो



लक्ष्मी उप्रेती

मेचीनगर ।कोशी प्रदेशमा चालु आर्थिक वर्ष २०८०/०८१ को साउन महिनादेखि असार २३ गतेसम्म बाढी पहिरोमा परी २६ जनाको मृत्यु भएको छ। कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका अनुसार यो अवधिमा ३ सय ९३ स्थानमा बाढी पहिरो गएको थियो।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रामप्रसाद तिमिल्सिनाका अनुसार प्रदेशका १४ वटा जिल्लाका विभिन्न ५९ ठाउँमा बाढीका कारण १८ र ३ सय ३४ ठाउँमा पहिरोमा परी ८ जनाको मृत्यु भएको हो। पहिरोका कारण १४ र बाढीका कारण ३ गरी १७ जना घाइते भएका थिए। बाढीका कारण ३ वटा चौपाया मरेका छन्। बाढी र पहिरोका कारण १० करोड ९१ लाख ९५ हजार रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ।

यो अवधिमा विभिन्न विपद्मा परेर प्रदेशभरिमा ६७ जनाको मृत्यु भएको कार्यालयले जनाएको छ। १ सय ७८ जना घाइते भएका छन् । पहिरोमा परी ८, बाढीका कारण १८, चट्याङका कारण ८, आगलागीका कारण २० र विभिन्न जंगली जनावरका कारण १३ गरी कुल ६७ जनाको मृत्यु भएको प्रहरीको अभिलेखले देखाएको छ। यस्ता विपद्मा परेकाहरुको उद्धारका लागि प्रदेशभरिमा १५ हजार २ सय १५ जना सुरक्षाकर्मी परिचालन गरिएको थियो।

५८ स्थानमा चट्याङ पर्दा ८ जना मानिसको मृत्यु र २९ जना घाइते भएको प्रहरी नायव उपरीक्षक तिमिल्सिनाले जानकारी दिए। यसैगरी, १ हजार ६ सय ९८ स्थानमा आगलागीका घटना हुँदा २० जनाको मृत्यु भएको छ भने १ सय ३२ जना घाइते भएका छन्। विभिन्न जंगली जनावरको आक्रमणमा परी १३ जना मानिसको ज्यान गएको छ भने ५३ जना घाइते भएका छन्। अधिकाँशले हात्तीको आक्रमणका कारण ज्यान गुमाएका छन्।

प्रहरीका अनुसार ७ सय ३७ वटा घर बाढीका कारण प्रभावित भएका थिए। बाढी र पहिरोका कारणमात्र प्रदेशमा करिब १२ करोड २६ लाख १० हजार ५ सय रुपैयाँको क्षति भएको प्रहरीले अनुमान गरेको छ। बाढी र पहिरोका कारण १ सय ६३ वटा पशुपंक्षीको मृत्यु, १० वटा घाइते भएको प्रहरीको भनाई छ। चट्याङका कारण २८ वटा घरमा क्षति पुग्दा , २९ जना मानिस घाईते हुँदा र १ सय ३० वटा पशुपंक्षी मर्दा अनुमानित ९७ लाख ८९ हजार ३ सय रुपैयाँ बराबरको क्षति भएको छ।

आगलागी घटनाका कारण ७ सय ४५ घर प्रभावित भएका छन्। ७ हजार ३ सय ५८ वटा पशुपंक्षीको मृत्यु र १ सय ८९ वटा घाईते हुँदा १ अर्ब ९ करोड ५८ लाख ६४ हजार ४ सय २५ रुपैयाँ बराबरको क्षति भएको प्रहरीले अनुमान गरेको छ। विभिन्न जंगली जनावरले १ सय ५९ घरमा क्षति पुर्याउँदा १ करोड ५९ लाख ८५ हजार ६ सय ४० रुपैयाँको क्षति भएको छ। १ सय ८१ स्थानमा हावाहुरीका कारण ८ घरमा क्षति पुगेको थियो भने ६ जना मानिस र ६ जना पशुपंक्षी घाइते भएका थिए। हावाहुरीका कारण करिब ४ करोड ६६ लाख २५ हजार ३ सय रुपैयाँ बराबरको क्षति भएको जनाइएको छ।

# झापामा बाढीको वितण्डा

झापा(प्रस) ।झापामा बाढीका कारण दुई सय पाँच घर डुबानमा परेका छन्। त्यसमध्ये २५ परिवार विस्थापित भएका छन्। माईखोलाले झापा गाउँपालिकामा धेरै क्षति पुर्याएको हो। त्यस्तै गौरादहमा रतुवा नदीले डुबानमा पारेको छ भने मेची नदीले कटान गरी क्षति गरेको छ।









## मेची नदीमा डुबेर युवतीको मृत्यु

झापा(प्रस) । मेची नदीमा डुबेर एक युवतीको मृत्यु भएको छ। मृत्यु हुने भारतकी १९ वर्षीया सकिना किसान रहेकी छन्। भारत दार्जिलिङ छोटिमनिराम ग्राम



पंचायत ८ मनिरामस्थित खेतीमा रोपाई गरेर भारततर्फ नै फर्कने क्रममा ती युवतीलाई मेची नदीको बाढीले बगाएको थियो।

मंगलवार दिउँसो ४.४५ बजे मेची नदीको किनारमा ती युवतीको शव फेला परेको काँकडभिट्टा प्रहरीले जनाएको छ।

# ज्ञानुरामको स्मृतिमा वृक्षरोपण

बिर्तामोड(प्रस) ।ज्ञानुराम प्रसाई स्मृति प्रतिष्ठानले अधुवा खोला करिडोरमा वृक्षरोपण गरेको छ। बिर्तामोडका सामाजिक तथा राजनीतिक व्यक्तित्व ज्ञानुराम प्रसाईको स्मृतिमा प्रतिष्ठानले मंगलबार कोरिडोर क्षेत्रमा वृक्षरोपण गरेको हो।

स्वर्गीय प्रसाईको तेस्रो स्मृति दिवसका अवसरमा अधुवा खोला कोरिडोरमा वृक्षरोपण प्रारम्भ गरिएको ज्ञानुराम प्रसाई स्मृति प्रतिष्ठानका अध्यक्ष बद्रीप्रसाद भट्टराईले बताए।

ग्रीन बेल्टको अवधारणास्वरूप कोरिडोर क्षेत्रमा सामाजिक संघसंस्थाको अग्रसरतामा वृक्षरोपण गर्ने नीतिअनुसार पहिलोपटक प्रतिष्ठानले बिरुवा रोपेको अध्यक्ष भट्टराईले जानकारी दिए।

वृक्षरोपण कार्यक्रममा प्रतिष्ठानकी प्रमुख संरक्षक पवित्रा महतारा प्रसाईसहित प्रसाई परिवारका सदस्यहरू, प्रतिष्ठानका पदाधिकारी, जनप्रतिनिधि र एमाले नेता कार्यकर्ताको सहभागिता रहेको थियो।

यसअघि प्रतिष्ठानले स्वर्गीय प्रसाईको सम्झनामा स्मृति सभा आयोजना गरेको थियो। २०७८ असार २५ गते अल्पायुमै



ज्यान गुमाएका प्रसाईको तेस्रो स्मृति दिवसका अवसरमा सभा आयोजना गरिएको हो।

सभामा एमाले नेताहरूले स्वर्गीय प्रसाईको सामाजिक तथा राजनीतिक योगदान र व्यक्तित्वमाथि चर्चा गरेका थिए। एमाले झापाका अध्यक्ष प्रेम गिरीले झापाको पार्टी जीवनमा प्रसाईको अभाव सधैं खड्किरहने बताए।

'दृढ अठोट भएको लगनशील र निष्ठावान राजनीतिक तथा सामाजिक व्यक्तित्वका रूपमा प्रसाईलाई यो समाजले सधैँ सम्झिरहनेछ', स्मृति सभामा अध्यक्ष गिरीले भने, 'समाजलाई कसरी अगाडि बढाउने भन्ने चालकको रुपमा उहाँले काम गर्नुभएको थियो।'

२०८० माघमा गठित प्रतिष्ठानले पहिलोपटक तेस्रो स्मृति दिवसका अवसरमा औपचारिक रूपमा स्मृति सभा आयोजना गरी प्रसाईलाई सम्झिएको हो। स्वर्गीय प्रसाईको योगदानलाई चिरस्थायी बनाइराख्नका लागि प्रतिष्ठान स्थापना गरिएको अध्यक्ष भट्टराईले बताए।

पञ्चायतकालमा भूमिगत हुँदै शिक्षण पेशामार्फत राजनीतिक सक्रियता बढाएका प्रसाई तीन कार्यकाल अनारमनी गाविस र बिर्तामोड नगरमा पार्टीका तर्फबाट अध्यक्ष भए। केही समय वैदेशिक रोजगारीमा बसेर नेपाल फर्किएयता राजनीति तथा सामाजिक अभियानमा उनको सक्रिय सहभागिता रह्यो।

मनमोहन सामुदायिक अस्पताल, प्रसाई ट्रस्ट, नवीकरणीय ऊर्जा, झापा इनर्जी, झापा नाटकघर, देवी मावि लगायतका संघसंस्थामा रहेर प्रसाईले नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



सम्पर्क: 9825952680 9816063266 9825952677 9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस्। पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा




PALcreation bhadrapur road, birtamode 023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर: लोकबहादुर कुँवर : ९८४२६८३९९६, द्रोण अधिकारी : ९८४२६२८७९१
दमक: विष्णु सुब्बा : ९८५२६७०१३७, देविबहादुर बस्नेत : ९८१७९२४६२१
मेचीनगर: चारआली : ९८४२७०३०१३, गोबिन्द घिमिरे : ९८१५९५०१५०
उर्लाबारी: रुपेन्द्र शेर्मा : ९८४२०९२४०६, विराटनगर, क्रिएटिभ आई: ०२१-५२५६१(
इलाम, मंगलबारे: रणवीर लिम्बू ९८१६९८४७५७
काकँरभिट्टा: फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४
झापा बजार: बरत राजवंशी ९८१७०४९००१


## आजको राशिफल

**मेष**: आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष**: आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ।

**मिथुन**: अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट**: मालसामान हराउन सक्छ। सानातिना समस्यामा अल्झनुपर्नेछ।

**सिंह**: । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ।

**कन्या**: आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ।

**तुला**: सामान हराउने वा चोरी हुने सम्भावना छ। शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक**: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन्।

**धनु**: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ।

**मकर**: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। जोशजाँगर बढ्न सक्छ।

**कुम्भ**: कला र गलाको प्रभाव बढ्नेछ। वैदेशिक कार्य पनि अघि बढ्नेछ।

**मिन**: आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ। पारिवारिक साथ सहयोग मिल्ने